आज मिति २०७६।१२।१६ गतेका दिन यस चौदण्डीगढी नगर-पालिका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा (covid-19) कोरोना संक्रमण रोकथाम तथा राहत वितरण सम्बन्धमा तपसिलको उपस्थितिमा नगर कार्यपालिकाको विशेष बैठक बसियो ।

<u>तपसिल उपस्थिति</u>

१. श्री खगेन्द्र राई - नगर प्रमुख
२. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
३. श्री रोहितमान तामाङ - अध्यक्ष वडा नं. १
४. श्री सन्तोष सुवेदी - ,, २
५. श्री परशुराम राई - ,, ३
६. श्री चरण कुमार राई - ,, ४
७. श्री देव नारायण चौधरी - ,, ५
८. श्री कमलध्वज राई - ,, ६
९. श्री तेजराज तिम्सिना - ,, ७
१०. श्री श्याम कुमार मगर - ,, ८
११. श्री प्रकाश राउत - ,, ९
१२. श्री राम कुमार खड्का - ,, १०
१३. श्री देवि कार्की - नगर कार्यपालिका सदस्य
१४. श्री मदन कुमारी कार्की - ,, ,,
१५. श्री जानुका कमर - ,, ,,
१६. श्री विमला राई - ,, ,,
१७. श्री आस्मिता नेपाली - ,, ,,
१८. श्री प्रमिला दनुवार - ,, ,,
१९. श्री सुन्दर प्रकाश साद - ,, ,,
२०. श्री सत्य नारायण दुअदार - नि.प्र.प्र.आ.अधिकृत
२१. श्री अम्बर ब० मगर - लेखापाल
२२ श्री बालकृष्ण आचार्य - स्वा-लेखापाल

<u>प्रस्तावहरु</u>

१. Covid-19 महामारी व्यवस्थापन कोष स्थापना सम्बन्धमा ।
२. राहत (खाद्यान्न) वितरण सम्बन्धमा ।
३. राहत सामाग्री खरिद सम्बन्धमा ।
४. कृषि प्रयोजन र अत्यावश्यक सामाग्री ढुवानीको लागी ट्याक्टर बारे।

Scanned by CamScanner

५. एम्बुलेन्स चालकको सम्बन्धमा ।
६. विशेष परिस्थिति विदान सम्बन्धमा ।
७. सम्बन्धित विषयमा सम्बन्धमा ।

छलफल तथा निर्णयहरु

निं.नं.१ प्रस्ताव नं. १ माथि छलफल गर्दा विश्व महामारीको रुपमा फैलिएको कोरोना संक्रमण (covid-19) रोकथाम, आइसोलेसन बेड निर्माण, क्वारेन्टाइन निर्माण, पि.पि.ई. सेट लगायतका स्वास्थ्य कर्मीहरुको लागि आवश्यक सामाग्री र औषधी खरिद तथा लकडाउनको समयमा अति विपन्न नागरिकहरुलाई खाद्यान्न राहत वितरण गर्ने कार्यमा लाग्ने आवश्यक रकम व्यवस्थापनको लागि यस न.पा.को जोडे कोष शीर्षकमा विनियोजित शीर्षकबाट तपसिल अनुसारको रु.६०,००,०००।- को कोष स्थापना गर्ने निर्णय गरियो ।

तपसिल

| साविक शीर्षक | रकम | हालको शीर्षक | संशोधित रकम |
|---|---|---|---|
| १. जोडकोष | १००,००,०००।- | १. जोडे कोष | रु.३०,००,०००।- |
| | | २. Covid-19 महामारी व्यवस्थापनको लागि अस्पताल क्षेत्र तथा समुदायमा खाद्यान्न, औषधी जन्य सामाग्री खरिद गरी वितरण गर्ने तथा कोरोना महामारी व्यवस्थापन | रु.६०,००,०००।- |

नोट :- मिति २०७६।१२।०६ गते बसेको नगर कार्यपालिकाको बैठक बाट कोरोना व्यवस्थापनको लागि आवश्यक रकम न.पा.को स्वास्थ्य तथा औषधी शीर्षक बाट खर्च गर्ने निर्णय भएकोमा उक्त शीर्षक बाट नभई कोरोना संक्रमण संग सम्बन्धीत खर्चहरु माथि स्थापना गरिएको कोष बाट खर्च गर्ने निर्णय गरियो ।

नि.नं.२ प्रस्ताव नं. २ माथि छलफल गर्दा विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरसको संक्रमण रोकथामको लागि देशव्यापी रुपमा लकडाउन गरेको र उक्त लकडाउन बाट दैनिक ज्यालादारीमा निर्भर रहेर जीविकोपार्जन गर्ने अति विपन्न नागरिकहरुलाई राहतको रुपमा खाद्यान्न वितरण गर्नको लागि आ-आफ्नो वडाको विपन्न नागरिकहरुको विवरण संकलन गर्ने सम्बन्धमा यस न.पा.को च.नं. १८६२ मिति २०७६।१२। १३ गतेको परिपत्र अनुसार न.पा.का १० वटै वडाहरु विवरण प्राप्त

Scanned by CamScanner

भएको हुँदा उक्त डाटाहरूको आधारमा प्रतिव्यक्ति तपसिल - अनुसारको दरले १७ दिनको लागी खाद्यान्न उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल राहत खाद्यान्नको विवरण :-

१. चामल - ~~४००~~ ४०० ग्राम प्रतिदिन प्रति व्यक्ति १७ दिनको लागि ६kg ८००ग्रा.

२. दाल - ३ जना सम्म १ kg, ५ जना सम्म १½ kg र ६ जना वा सो भन्दा माथी २ kg प्रति परिवार ।

३. तेल - ३ जना सम्म ½ लिटर, ५ जना सम्म १ लिटर र ५ जना भन्दा बढी भए १½ लिटर प्रतिपरिवार ।

४. नुन - प्रति परिवार १ kg

५. साबुन – ५ जना सम्म हात धुने - १, लुगा धुने २ र ६ जना भन्दा माथि लुगा धुने - ३ वटा र हात धुने - २ थान ।

६. चना - ३ जना सम्म ½ kg, ५ जना सम्म १ kg र ६ जना भन्दा माथी भए १½ kg ।

७. मटर - ३ जना सम्म ½ kg, ५ जना सम्म १ kg र ६ जना भन्दा माथी भए १½ kg ।

वडाहरूबाट प्राप्त अतिविपन्न घरपरिवार र जनसंख्या -को विवरण तपसिल अनुसार रहेको छ ।

तपसिल

| सि.नं. | वडा नं. | घर संख्या | जनसंख्या | कै० |
|---|---|---|---|---|
| १. | १ | ८० | ३९५ | |
| २. | २ | ३४१ | १४८२ | |
| ३. | ३ | १४३ | ५७१ | |
| ४. | ४ | १५४ | ६५१ | |
| ५. | ५ | ४१४ | १६६८ | |
| ६. | ६ | ३४५ | १४०० | |
| ७. | ७ | ४४७ | १३९८ | |
| ८. | ८ | ३१८ | १३५४ | |
| ९. | ९ | ४१७ | ११९८ | |
| १०. | १० | २३८ | ९२४ | |
| | जम्मा | २८९७ | ११७६१ | |

Scanned by CamScanner

नि. नं. ३ प्रस्ताव नं. ३ माथि छलफल गर्दा राहत वितरणको लागी आवश्यक नि. नं. २ मा उल्लेखित खाद्यान्न सामाग्रीहरु खरिद, ~~[illegible]~~ तथा व्यवस्थापनको आपूर्तिको लागी तपसिल अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१. श्री रिता कुमारी चौधरी - उपप्रमुख - संयोजक
२. श्री राम कुमार खड्का - प्रवक्ता - सदस्य
३. श्री पर्शुराम राई - सामाजिक विकास समिति - सदस्य
४. श्री तेजराज तिम्सिना - वातावरण तथा विपद् व्यवस्थापन - सदस्य
५. श्री सत्य नारायण धुजदार - नि. प्र. प्र. अधिकृत - सदस्य
६. श्री तेज बहादुर पोखरेल - स्वास्थ्य अधिकृत - सदस्य
७. श्री नेत्र बा. विष्ट - विपद् फोकल पर्सन - सदस्य

साथै तत्कालिन संक्रमणको अवस्थालाई मध्येनजर गर्दै उक्त राहत वितरणको लागी आवश्यक खाद्यान्न सामाग्रीहरु सोझै खरिद गरि उपलब्ध गराउनको लागी खरिद तथा आपूर्ति समितिलाई निर्देशन दिने निर्णय गरियो ।

नि. नं. ४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगर क्षेत्रमा अधिकांश नागरिकहरु कृषिमा निर्भर रहेको र हाल कृषि गर्ने समय समेत भएकोले कृषकले ट्याक्टर प्रयोग गरि - खेत बारी जोत्न चाहेमा सम्बन्धित वडाको सिफारिस र - प्रत्यक्ष निगरानीमा रहेर स्थानीय सुरक्षा निकायमा समेत जानकारी गराई प्रयोग गर्न सकिने निर्णय गरियो । साथै यस नगर क्षेत्रमा कुनै एक स्थानबाट अर्को स्थानमा अत्यावश्यक खाद्यान्न, औषधी तथा सरसफाईका सामानहरु ढुवानी गर्नु परेमा सम्बन्धीत वडाको सिफारिस र वडाले तोकेको प्रतिनिधिको रोहवरमा स्थानीय सुरक्षा निकाय समेतको रोहवरमा ढुवानी गर्ने र त्यस्ता सामाग्री वितरण गरेको भपाई वडा, नगर र सुरक्षा निकायमा समेत जानकारी गराउने निर्णय गरियो ।

पुनश्चः- आफ्नो वडा भित्र रहेका बिरामीहरुको औषधी उपचारको लागी नगर बाहिर जानुपर्ने बाध्यात्मक परिस्थितिमा अनुमतिमाग भएमा यथेष्ठ प्रमाणको आधारमा वडा कार्यालयले नपा. तथा सुरक्षा निकायलाई जानकारी गराई अनुमति उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा कोरोना संक्रमणको ~~महामारीको~~ लकडाउनको अवधिभरको लागि यस गा.पा. क्षेत्रबाट कुनै पनि प्रकारका बिरामीहरूलाई औषधी उपचारको लागि विभिन्न स्थानहरूमा लानुपरेमा यस गा.पा. को प्रत्येक निगरानीमा संचालित तपसिलको एम्बुलेन्स चालकहरूलाई तपसिल अनुसारको अतिरिक्त सुविधा उपलब्ध गराउने निर्णय गरियो। साथै उक्त एम्बुलेन्सहरूले बिरामी बोकेर जानु पूर्व गा.पा. को स्वास्थ्य शाखामा र वडामा अनिवार्यरूपमा बिरामीको विवरण टिपाउनु पर्ने छ।

तपसिल एम्बुलेन्सहरू :-

1. प्राथमिक स्वास्थ्य केन्द्र बेल्टार।
2. स्वास्थ्य चौकी बसाहा।
3. स्वास्थ्य चौकी सुन्दरपुर।
4. स्वास्थ्य चौकी चौदण्डी।
5. लालीगुराँस महिला समूह बसाहा।

अतिरिक्त सुविधाको दर :-

1. धरान, विराटनगर प्रतिट्रिप रु. ३००।-
2. काँकडभिट्टा प्रतिट्रिप रु. ६००।-
3. काठमाडौं प्रतिट्रिप रु. १०००।-

नि.नं.६ : प्रस्ताव नं. ६ माथि छलफल गर्दा विश्वभरी महामारीको रूपमा फैलिएको Covid-19 को विश्वव्यापी संक्रमणले गर्दा भएको लकडाउनलाई मध्येनजर गर्दै यस विषम परिस्थितिलाई विशेष परिस्थिति भनी कियान गरियो र सो विषम विशेष परिस्थिति ~~संघ~~ संग सम्बन्धित सम्पूर्ण खरिद प्रक्रिया सार्वजनिक खरिद नियमावलीको परिच्छेद १२ विविध दफा १४५, १४६ समेतको आधारमा यस खरिद गर्नको लागि आवश्यक सामाग्रीहरू माथि गठित खरिद तथा आपूर्ति समिति मार्फत खरिद गर्ने निर्णय गरियो।

नि.नं.७ :- प्रस्ताव नं. ७ माथि छलफल गर्दा हाल महामारीको रूप लिएको कोरोना भाइरस सम्बन्धमा स्थानीय सरकार सञ्चालन ऐन ~~२०७४~~ मा भएको व्यवस्था अनुसार स्थानीय पालिकामा रहेका स्वास्थ्य संस्थाहरू सम्बन्धित वडाका वडाअध्यक्षको

[illegible]

अध्यक्षतामा रहने व्यवस्था भए अनुसार स्वास्थ्य संस्थामा
जँचाउन आउने बिरामीलाई यदि कोरोना भाइरस सम्बन्धी
पेकजोनको लागि धरान पठाउनु पर्ने नेपाल सरकारले
तोकेको बि.पि.को. स्वा.वि.प्रतिष्ठान धरानमा पठाउनुपर्ने भएमा वडा-
अध्यक्षको निगरानी र स्वास्थ्य कर्मीको सिफारिसमा आने
बिरामीको प्रयोग गर्ने यातायात (एम्बुलेन्स) खर्च गाउँपालिकाको
covid-19 भाइरस महामारी व्यवस्थापन कोष बाट उपलब्ध
गराउने निर्णय गरियो ।

Scanned by CamScanner